Nepal Adhyayan Journal
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJOL]
ISSN: 2795-1723 (Print), Peer-Reviewed Research Journal
Published by Center for Nepal and Asia Studies
Tribhuvan University, Kathmandu, Nepal
Email : info@cnastu.org.np; Website : www.cnastu.org.np

Research Article

# Material Collection and Analysis in Research Work

## शोधकार्यमा सामग्रीसङ्कलन र विश्लेषण

**अविलाल शाह**/Abi Lal Shah, CNAS, Kathmandu, Nepal and
**अनिल अधिकारी**/Anil Adhakari, Mahendra Morang Adarsh Multiple Campus, Biratnagar, Nepal

**Article History**: **Received: 27 Nov. 2024, Reviewed: 19 Jan. 2025, Accepted: 7 Feb. 2025**
**Corresponding Author**: Abi Lal Shah and Anil Adhakari,
Email: abilalshah.cnas@gmail.com and aniladhakaribhojpur@gmail.com


### लेखसार

*प्रस्तुत आलेख शोधकार्यमा अवलम्बन गरिने सामग्रीसङ्कलन र विश्लेषण विधिमा केन्द्रित रहेको छ। गुणात्मक अनुसन्धान विधिमा सम्पन्न गरिएको यस आलेखमा सामग्रीको सङ्कलन पुस्तकालय विधिबाट गरिएको छ भने यसमा द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ। शोधविधिमा सामग्रीसङ्कलनका मुख्य प्रक्रियाका रूपमा स्थलगत कार्य र पुस्तकालय कार्यको विश्लेषण गरिएको यस लेखमा सङ्कलित सामग्रीको विश्लेषणका प्रक्रियाको विश्लेषण गरिएकाले यो तद्विषयक प्रक्रियासम्बन्धी विषयको विश्लेषणमा केन्द्रित अध्ययन हो। यस लेखमा शोधसमस्याका रूपमा उठान गरिएका सामग्रीसङ्कलन र विश्लेषणसम्बन्धी चरअन्तर्गत स्थलगत कार्य, पुस्तकालय कार्य र यी विधिबाट सङ्कलित तथ्यको विश्लेषणका विषयमा प्रकाश पारिएको छ। सामग्रीसङ्कलन शोधकार्यका लागि अपरिहार्य पक्ष हो भने यसबाटै अव्यवस्थित रूपमा रहेका विषयको यथोचित व्याख्या, विवेचना, विश्लेषण र संश्लेषण भई नवीन ज्ञाननिर्माणको मार्ग प्रशस्त हुन्छ । शोधकार्यमा सामग्रीको सङ्कलन स्थलगत र पुस्तकालयीय कार्यका आधारमा गरिन्छ । स्थलगत कार्य शोधविषय, समस्या तथा तिनमा उल्लेख गरिएका चरका आधारमा शोधक्षेत्रमै पुगी प्रत्यक्ष अवलोकन, पर्यवेक्षण, अन्तर्वार्ता आदि कार्यलाई स्वराङ्कन, छायाङ्कन र लिप्यन्तरण गरी सामग्रीसङ्कलन गर्ने कार्य हो। पुस्तकालय कार्यमा सम्बन्धित विषयका बारेमा अभिलेखीकरण गरिएका सामग्रीबाट आफ्नो शोधसमस्यासँग सम्बन्धित सामग्रीको सङ्कलन गरिन्छ। यस लेखमा शोधकार्यमा स्थलगत कार्य र पुस्तकायल कार्यसँग सम्बन्धित विषयमा केन्द्रित भई सङ्कलित सामग्रीको विश्लेषण गर्ने आधार र अवधारणाका विषयमा विमर्श गरी निष्कर्षसम्म पुगिएको छ।*


**शब्दकुञ्जी**

क्षेत्रकार्य, तथ्यसङ्कलन, पुस्तकालय कार्य, शोधसामग्री, सूचक ।

## १. विषयपरिचय

शोधकार्य नवीन ज्ञान उत्पादन गरी समाजविकासमा योगदान पुऱ्याउने गहन विषय हो । शोधकार्यमा शोधसामग्रीसङ्कलन र विश्लेषण प्राथमिक विषय

हो । बिनाशोधसामग्री कुनै पनि अनुसन्धानले गति लिन नसक्ने तथा अनुसन्धान नै नहुनेभएकाले शोध सामग्रीसङ्कलन र विश्लेषणलाई प्राथमिक विषय भनिएको हो । सामग्रीसङ्कलन र विश्लेषण शोधकार्यसँग सम्बन्धित प्रत्येक गतिविधिका लागि अपरिहार्य खण्डका रूपमा रहन्छ । शोधकार्यमा सामग्रीसङ्कलनका लागि स्वीकृत वैज्ञानिक विधिका रूपमा स्थलगत कार्य, पुस्तकालय कार्य र प्रयोगशालीय कार्य रहेका छन् । यसमा शोधार्थीले शोध्यविषयका लागि सामग्री प्राप्त गर्ने स्रोत तथा कार्य यी तीनवटा नै हुन् । विज्ञान-प्रविधि विषयअन्तर्गत प्रयोगशालामा गई त्यहाँ विभिन्न प्रकारका रसायनको अन्तर्मिश्रण गरी तथ्य सङ्कलन गरिन्छ भने सामाजिक अध्ययनमा स्थलगत (क्षेत्रकार्य) र पुस्तकालयबाटै सामग्री जुटाइन्छ ।

शोधकार्यमा समाजमा विद्यमान अव्यवस्थित रूपमा रहेका सामग्रीलाई सङ्कलन गरी तिनको विषयनिष्ठ विश्लेषणबाट निष्कर्षमा पुगिन्छ । शोधकार्यमा स्थलगत कार्य भन्नाले शोधक्षेत्रको पहिचान गरी शोधसमस्यामा केन्द्रित रहेर गरिने क्षेत्रभ्रमण हो । स्थलगत कार्यका विभिन्न भेद-उपभेद रहेका छन् । स्थलगत कार्यमा शोधसमस्यामा आधारित रही तिनका चर-उपचरसँग सम्बन्धित सामग्रीको सङ्कलन गरिन्छ । सामाजिक अध्ययनमा स्थलगत कार्यका माध्यमबाट विभिन्न सामाजिक निर्मितिका साथै त्यसको वास्तविक पहिचान हुनेभएकाले यो संवेदनशील विषय पनि हो । शोधक्षेत्रमा सामग्रीसङ्कलन गर्दा अत्यन्त सावधानी अपनाउनुपर्ने हुन्छ । सम्पूर्ण संवेदनशीलतालाई संरक्षण गर्दै त्यसबाट प्राप्त सूचना गोपनीयताका साथ सुरक्षण गर्ने शोधार्थीको नैतिकता पनि रहन्छ । शोधार्थीले स्थलगत कार्य सम्पन्न गरी सङ्कलन गरिएका सामग्री शोधसमस्यामा उल्लिखित चरका आधारमा वर्गीकरण गरी तिनको तथ्याङ्कीय र विषयगत विश्लेषणका लागि योग्य मानिन्छन् । शोधकार्यमा सामग्रीसङ्कलनको दोस्रो पद्धति पुस्तकालय कार्य हो । पुस्तकमा प्रस्तुत गरिएका सन्दर्भलाई शोधार्थीले आफ्नो अनुसन्धानमा प्रयोग गर्ने प्रक्रिया नै पुस्तकालय कार्य हो । शोधकार्यका क्रममा जुन शोधसमस्याको चयन गरिएको छ, त्यसको विश्लेषणका प्रतिमानका रूपमा जेजति उपचरको विश्लेषण गरी अनुसन्धान सम्पन्न गरिने हो, त्यति विषयलाई प्राथमिकतामा राखी सामग्रीसङ्कलन गर्ने प्रक्रिया नै पुस्तकालयीय कार्य हो । शोधकार्यमा स्थलगत भ्रमण र पुस्तकालयबाट सामग्रीसङ्कलन गरिसकेपछि सामग्रीको विश्लेषण गरिन्छ ।

शोधसामग्रीको विश्लेषणको अभिप्राय शोधक्षेत्रबाट सङ्कलन तथा तिनको वर्गीकरण गरी शोधकार्यसम्बद्ध सामग्रीको विषयगत विश्लेषण हो । सङ्कलित

सामग्रीलाई विषयगत आधारमा विभाजन गर्नु शोधव्यवस्थापनकै एउटा प्रक्रिया हो । शोधकार्यमा अनुसन्धानको प्रकृतिअनुसार केकस्ता शोद्यप्रश्न निर्माण भएका छन् ती प्रत्येक शोद्यप्रश्न नै एउटा विषय (थिम) हो भने उक्त विषयले ग्रहण गर्नसक्ने क्षेत्रभित्र रहेका विषयलाई उपशीर्षक र त्यसभित्रका सूक्ष्म प्रतिमानलाई थप उपशीर्षकमा विभाजन गरी विषयगत क्षेत्रलाई स्थूलबाट सूक्ष्म तुल्याई तिनै सूक्ष्म विषयका आधारमा स्थूल र मुख्य शोधसमस्याको निराकरण गर्ने प्रक्रिया नै सारतः शोधसमस्याको विश्लेषण प्रक्रिया हो । शोधकार्यमा निष्कर्ष अध्ययन र विश्लेषण गरिएका सामग्री तथा तत्विषयक सामग्रीसम्बन्धी सूचना वा त्यसको सारसङ्क्षेप मात्र नभई यो सिङ्गो शोधकार्यको सैद्धान्तीकरण हो । यस खण्डमा शोधकार्यको आरम्भदेखि अन्त्यसम्म भएका कार्य र प्राप्तिलाई संश्लेषण गर्दै शोधकार्यबाट के प्राप्त भयो ? त्यो प्राप्ति नवीन ज्ञाननिर्माणको आधार कसरी भयो ? तथा त्यसले वर्तमान र भावी अनुसन्धानसमेतका लागि के मूल्य स्थापित गरेको छ ? गर्नसक्छ अथवा गर्नेछ ? जस्ता प्रश्नको उत्तरका साथै भावी शोधार्थीका लागि विषयगत समस्या र निर्देशनसमेत दिइनेभएकाले अध्ययनबाट प्राप्त नतिजाको संश्लेषित प्रस्तुति अपेक्षित रहन्छ ।

## २. शोधविधि

शोधकार्यमा सामग्रीसङ्कलन र विश्लेषणसँग सम्बन्धित अवधारणालाई शोधविधि भनिन्छ । शोधविधिमार्फत् नै शोधार्थीले अनुसन्धान कार्यमा सामग्रीको विश्लेषण गर्नका लागि चयन गरेको अवधारणासँग सम्बन्धित विषयलाई सङ्गठित र व्यवस्थित गर्नेभएकाले यसलाई शोधकार्यको जटिल प्रक्रिया मानिन्छ । शोधविधि शोधकर्ताले निर्माण गर्ने तर्कलाई तथ्यपरक र विश्वसनीय ढाँचामा प्रस्तुत गर्नका लागि सङ्कलन गरिने सामग्री र विश्लेषण गर्ने प्रक्रियालाई मार्गदर्शन गर्ने अनुसन्धानको पद्धति हो (सेन्सल, सन् २००८, पृ. ५२१) । शोधकार्यमा शोधविधिद्वारा नै शोधार्थीलाई मार्गदर्शन हुनेभएकाले यो स्पष्ट रूपमा बोध गरी उपयोग गरिने पद्धति हो । शोधविधिमा हुने अस्पष्टताका कारण शोधार्थीले अनुसन्धान गर्न चाहेको विषय वैध र विश्वसनीय नहुनेभएकाले शोधकार्यलाई वैधानिकता प्रदान गर्नका लागि चयन गरिएको पद्धति र प्रक्रिया निर्माणका साथै शोधढाँचा निर्माण गर्न यसको मुख्य भूमिका रहनेगर्छ । शोधकार्यमा शोधार्थीद्वारा निर्माण गरिएका समस्या, उद्देश्य र शोधढाँचाको निर्माणका साथै यसका लागि आवश्यक पर्ने प्राथमिक र द्वितीयक स्रोतका सामग्रीलाई कसरी व्यवस्थापन गर्ने भन्ने प्रश्नको उत्तर नै शोधविधि हो (कुमार, सन् २०१४, पृ. १९६) । शोधविधि समग्रमा शोधकार्यसँग सम्बन्धित भएर

आउने सामग्रीको सङ्कलन, विश्लेषण र सत्यापनसँग सम्बन्धित मूल्यसँग जोडिएर आउने विषय रहेकाले यसलाई जटिल प्रक्रिया मानिएको हो । शोधविधिमा शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक शोधक्षेत्रको पहिचान, शोधसमस्याको उठान, उद्देश्य निर्धारण, सामग्रीको चयन, वर्गीकरण, व्यवस्थापन एवम् विश्लेषणका लागि चयन गरिएका सूचक, उपसूचकसँग सम्बन्धित अवधारणा समावेश गरिएका हुन्छन् (टायलर र बोग्दान, सन् १९९८, पृ. ७७) । यसप्रकार शोधविधिको अभिप्राय भन्नु नै शोधकार्यका लागि आवश्यक पर्ने सामग्रीको सङ्कलन र विश्लेषणसँग सम्बन्धित प्रक्रियाको समग्रता हो ।

## ३. परिणाम र विमर्श

शोधकार्यका लागि सबैभन्दा महत्त्वपूर्ण विषय भन्नु नै यसका लागि आवश्यक पर्ने शोधसामग्री हो । शोधार्थीले अनुसन्धान गर्न चाहेको विषय र तत्सम्बन्धी ज्ञानक्षेत्र शोधक्षेत्र हो । यो शोधार्थीले शोधकार्य सम्पन्न गर्नका लागि चयन गरेको विषय र समस्यासँग सम्बन्धित पक्ष शोधसामग्री हो । मूलभूत रूपमा साहित्यको अनुसन्धानका लागि पुस्तकालय, छापाप्रकाशनमा प्रकाशित, विद्युतीय सञ्चारमाध्यमबाट प्राप्त तथा शोधको विषयका सम्बन्धमा उक्त विषयका विद्वत्वर्गले प्रस्तुत गरेका लिखित वा मौखिक प्रवचन आदि शोधसामग्री हुन् । मानविकी तथा सामाजिक शास्त्र अनुशासनअन्तर्गत गुणात्मक अनुसन्धान पद्धतिका अन्तर्यमा गरिने शोधकार्यमा निश्चित भौगोलिक क्षेत्र उपस्थित भई भाषिक वक्ता, लोकव्यवहारका बारेमा संज्ञान भएका व्यक्ति तथा सामाजिक, राजनीतिक र सांस्कृतिक संज्ञान भएका व्यक्तिसँगको अन्तर्वार्ता, लोकपर्यवेक्षण, क्षेत्रान्वेषणजस्ता प्रक्रियाबाट सामग्री प्राप्त गर्न सकिन्छ । परिमाणात्मक अनुसन्धानपद्धति अवलम्बन हुने शोधकार्यमा क्षेत्रान्वेषणबाट परिमाणात्मक तथ्यसङ्कलन गरी तिनलाई विश्लेषणयोग्य तुल्याउने सफ्टवेयर तथा तथ्यसङ्कलनका लागि उपयोग गरिने प्राविधिक र अप्राविधिक सामग्री पनि शोधसामग्री हुन् । शोधकार्यका लागि शोधार्थीले चयन गर्ने शोधक्षेत्र तथा त्यसबाट आफूलाई चाहिने कच्चापदार्थ प्राप्ति गर्ने माध्यम सबै शोधसामग्री हुन् । शोधकार्यमा सामग्री प्राप्त गरेपछि त्यसलाई विश्लेषण गर्नका लागि आवश्यक पर्ने अन्य प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्री पनि यही विषयअन्तर्गत आउँछन् ।

शोधार्थीले शोधकार्य गर्दा त्यस विषयमा भएका पूर्वअध्ययन र त्यसको समीक्षाबाट प्राप्त गर्ने अवधारणा र रिक्तता, शोधसमस्या र त्यसको निराकरणका लागि निर्धारण गरिने शोध्यसमस्या अर्थात् विषय (थिम), विश्लेषण गर्नका लागि

चयन गरिने अनुसन्धानको पद्धति तथा त्यसको सैद्धान्तिक वा अवधारणात्मक ढाँचा वा अर्थापनको विधि निर्माण र निर्धारणका लागि आवश्यक सबै पक्ष शोधसामग्री हुन् । शोधसामग्रीको अपर्याप्तताले शोधकार्य सम्पन्न गर्नका लागि विविध कठिनाइ उत्पन्न हुनुका साथै शोधकार्य नै दुर्घटित हुनेभएकाले पनि यसको उचित व्यवस्था तथा व्यवस्थापनबाट मात्र सारपूर्ण शोधकार्य हुने तथ्यसिद्ध छ । शोधसामग्रीको व्यवस्थापछि त्यसको वर्गीकरण गरेपछि आरम्भ हुने नयाँ ज्ञाननिर्माणको प्रक्रिया नै मूलभूत रूपमा शोधसामग्रीको सङ्कलन र विश्लेषणको प्रक्रिया हो । शोधसामग्रीको सङ्कलन र विश्लेषणसम्बन्धी विषयको विवेचना तलका उपशीर्षकमा गरिएको छ :

## ३.१ शोधसामग्रीको सङ्कलन

बृहत्तर ज्ञाननिर्माणका साथै मानवसभ्यता र संस्कृतिका वस्तुतालाई मूर्तता प्रदान गर्नका लागि गरिने शोधकार्यको दोस्रो चरणका रूपमा शोधसामग्रीको सङ्कलनप्रक्रिया अवलम्बन गरिन्छ । शोधकार्यका लागि शोधार्थीले शोधसमस्या, यससँग सम्बन्धित रिक्तता, शोध्यप्रश्न, उद्देश्य तथा औचित्य स्थापित गरिसकेपछिका चरणमा शोधसामग्रीको सङ्कलन नै प्राथमिक कार्यका रूपमा अगाडि आउँछ । शोधकार्यलाई गतिशीलता दिई यसलाई व्यवस्थित तुल्याउनका लागि शोधार्थीलाई आवश्यक पर्ने सामग्रीको सङ्कलन स्थलगत कार्य, पुस्तकालय कार्य र प्रयोगशालीय कार्यबाट प्राप्त हुन्छ (कुमार, सन् २०१४, पृ. १९२) । शोधकार्यमा जीवनजगत्मा छरिएर रहेका अव्यवस्थित, अपूर्ण तथा सम्पूर्ण विषयबाट शोधार्थीलाई आवश्यक पर्ने सामग्रीको चयन तथा त्यसको प्रशोधनका लागि स्थलगत भ्रमण, पुस्तकालय तथा प्रयोगशाला नै प्रमुख माध्यम हुन् । शोधकार्यको प्रकृति विषय तथा ज्ञानक्षेत्रका आधारमा फरक हुनेभएकाले यिनको सङ्कलन गर्ने मुख्य आधार स्थलगत कार्य र पुस्तकालय कार्य नै रहनेगर्दछन् । शोध–सामग्रीसङ्कलनका लागि अवलम्बन गरिने मुख्य आधारका रूपमा स्थलगत कार्य र पुस्तकालय कार्यको विश्लेषण अलगअलग उपशीर्षकमा तल गरिएको छ :

### (क) स्थलगत कार्य

सामान्य अर्थमा 'स्थल' भनेको ठाउँ हो भने 'कार्य' भनेको काम हो । कुनै ठाउँमा गई गरिने कार्यलाई स्थलगत कार्य भनिन्छ । सामाजिक अध्ययन अनुसन्धानका क्षेत्रमा यसलाई कुनै ठाउँमा गई अध्ययनसँग सम्बन्धित सामग्रीहरूको सङ्लन गरिने कार्यका रूपमा बुझिन्छ । त्यसैले सम्बद्ध ठाउँ वा क्षेत्रमा गई आवश्यकताअनुसारका लक्षियत वर्गमा गएर तिनीहरूबाटै जानिदो वा नजानिदो

तरिकाबाट सामग्रीहरूको सङ्लन गर्ने कार्यलाई स्थलगत कार्य भनिन्छ । चूडामणि बन्धु (२०५८) ले कुनै पनि अध्ययनका सिलसिलामा सङ्ग्रहालय वा अभिलेखमा राख्न, कुनै ग्रन्थ वा लेख तयार गर्न र उपाधि आर्जन गर्न गरिने सामग्रीको सङ्कलन जब कुनै क्षेत्रमा सम्पन्न हुन्छ त्यस्तो कार्यलाई क्षेत्रकार्य (Field Work) भनिन्छ (पृ. ८८) भनी बताएका छन् । सामाजिक घटना, प्रक्रिया र व्यवहारको जाँच गर्ने प्रयोगशाला नै कार्यक्षेत्र अध्ययन हो । स्थलगत अनुसन्धानको लक्ष्य भनेको अनुसन्धानका विषय, घटना र वस्तुहरू बिचको अन्तरसम्बन्ध पत्ता लगाउनु हो । यसैका लागि अनुसन्धानकर्ताले समाज वा संस्थालाई पहिले हेर्दछ र त्यसपछि समूह तथा व्यक्तिहरूको त्यस स्थितिको झुकाउ, मान्यता, धारणा एवम् आचरणको सम्बन्धको अध्ययन गर्छ । क्षेत्र अध्ययन वास्तविक जीवनमा हुनेगर्छ । त्यहाँ कुनै किसिमको कृत्रिमता हुँदैन (सिवाकोटी, २०६८, पृ. ३१९-३२०) । स्थलगत कार्यमा समाज, समुदाय, समूह र व्यक्ति नै अध्ययन गर्ने स्थल हुन् । यसमा यी स्थलमा हुने क्रियाकलाप, परम्परा, सम्बन्ध र विश्वासको अध्ययन गरिन्छ । त्यसैले यसलाई सामाजिक विज्ञानको प्रयोगशालाका रूपमा लिइन्छ ।

सामाजिक विज्ञानको अनुसन्धान पद्धतिमा कोठाभित्र बसेर पुस्तकको वा पाठको सहयोगभन्दा कोठाबाहिर वा क्षेत्रमा गई वास्तविक तथ्यलाई आधार मानी गरिएको अध्ययनलाई बढी महत्त्व दिइन्छ। यस्तो अनुसन्धान विषयवस्तुको प्राकृतिक तथा यथार्थ स्थितिको अनुसन्धानसँग सम्बन्धित रहन्छ । स्थलगत कार्यमा सामग्रीसङ्कलनका लागि प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, सर्वेक्षणलगायतका विधिहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्ने, सोध्ने, बुझ्ने आदि काम स्वयम् अध्येताबाटै गरिन्छ । त्यसैले स्थलगत कार्यबाट लिइएका सामग्रीहरू बढी विश्वसनीय तथा वैध हुन्छन् (कुमार, सन् २०१४, पृ. १९२) । यस्ता सामग्रीहरूको सङ्कलन गर्दा अध्येताले क्षेत्रमा आफू अलग बसेर पनि अध्ययन गर्नसक्छ भने उनीहरूसँगै बसेर उनीहरूका क्रियाकलापको गम्भीर तथा गहन रूपबाट पनि अध्ययन गर्नसक्छ । समयको परिवर्तनशीलतासँगै आएका वैज्ञानिक उपलब्धिका कारण समाज आधुनिकीकरणतर्फ गएर परम्परालाई क्रमशः भुल्दैगइरहेको बेला संस्कृतिको संरक्षण र भविष्यका निम्ति सङ्ग्रह गर्न स्थलगत कार्य लोकसमाजका महत्त्वपूर्ण लोकतत्त्वहरू सङ्कलन गर्न आवश्यक छ । शोधकार्यमा योजनाबद्ध ढाँचामा गरिने स्थलगत कार्यबाट सामग्रीको सङ्कलन गरिन्छ । शोधकार्यमा स्थलगत कार्यको मुख्य उद्देश्य भनेको अध्ययनको प्रकृति र उद्देश्य हेरी सामग्रीसङ्कलन गर्नु नै हो । त्यसैले स्थलगत कार्य मूलतः तयारी र सङ्कलन गरी दुई चरणमा गरिन्छ ।

अनुसन्धानको स्थलगत कार्यमा अनुसन्धाताले आफ्नो अनुसन्धानका लागि निर्धारित क्षेत्रमा गई उद्देश्यअनुसारका सामग्रीसङ्कलन गर्नुपर्नेहुँदा अनुसन्धेय क्षेत्रमा जानुभन्दा पहिले त्यसका लागि मानसिक, व्यवहारिक र भौतिक तयारी गर्नुपर्ने हुन्छ । .स्थलगत कार्यको पूर्वतयारी गर्दा सर्वप्रथम अध्ययनको उद्देश्य प्रस्ट हुनुपर्छ । कुनै पुस्तक तयार गर्न प्रतिवेदन जाहेर गर्न, उपाधि प्राप्तिका लागि आदि केका लागि क्षेत्रमा जाने हो भन्ने प्रस्ट हुनुपर्छ । यस्तो कार्य स्वतन्त्र हो वा संस्थागत हो, एकल हो वा सामूहिक हो सो कुराको बारेमा समेत स्पष्ट भएर सोहीअनुसारको तयारी अगाडि बढाउनुपर्छ । त्यसपछि अध्ययनको क्षेत्र स्पष्ट पार्नुपर्छ । अध्ययनको प्रकृति र क्षेत्र तयार भइसकेपछि मात्र त्यसको लागि आवश्यक जनशक्ति र साधन स्रोतको तयारी गरिन्छ (कुमार, सन् २०१४, पृ. १९२) । अध्ययनको उद्देश्यअनुसार क्षेत्रकार्यमा जाने व्यक्तिको चयन गरिनुपर्छ । अनुसन्धाता आफै गए पनि अरूलाई पठाए पनि अध्ययनको प्रकृतिअनुसार उसलाई तालिम तथा सैद्धान्तिक ज्ञानको बारेमा जानकारी हुन जरूरी हुन्छ । अध्ययनमा कुन सामग्रीसङ्कलनको साधन कसरी प्रयोग गर्ने ? पछि अवलम्बन गरिने अध्ययन विधिहरू केके हुन् ? सङ्कलन गर्दा कुन गहिराइसम्म जाने ? आदिका बारेमा तालिम वा सैद्धान्तिक ज्ञान अनुसन्धातालाई हुनुपर्छ, जस्तै : सांस्कृतिक अध्ययनअन्तर्गत थारूजातिको सखिया नाचमा गाइने गीतको सङ्कलन गर्न जाने व्यक्तिले लोकगीतका सैद्धान्तिक पक्ष, भाका आदिको बारेमा जानकारी लिएको हुनुपर्छ । यो स्थलगत कार्यको बौद्धिक तयारी हो । यसका साथै अनुसन्धातालाई क्षेत्रको भौगोलिक तथा ऐतिहासिक पक्षको जानकारी हुनुपर्छ । त्यस क्षेत्रको भाषा, संस्कृति, धर्म, भौगोलिक बनावट, जलवायु आदिको बारेमा जानकारी गराउनुपर्छ र सोहीअनुसारको आवश्यक सामग्रीको तयारी गर्नुपर्छ । भौगोलिक बनावट र मौसम अनुसारका लत्ताकपडा तथा अन्य सामग्री सहयोगी आदिको व्यवस्था गर्नुपर्छ । सामग्रीसङ्कलनका लागि चाहिने निर्देशक पुस्तिका, स्वरलिपि, ध्वनितात्त्विक वर्णमाला, क्यामरा, टेपरेकर्डर, ब्याट्री, कलम, कापी, प्रश्नावली, अनुसूची, मानचित्र आदि पनि तयार गर्नुपर्छ । यसका साथै स्थलगत कार्यको क्षेत्र र समय हेरी आवश्यक खर्चको पूर्ण व्यवस्था गर्नुपर्छ । त्यसैले स्थलगत कार्यको पूर्वतयारीमा बौद्धिक, मानसिक र भौतिक तयारी हुनुपर्छ ।

स्थलगत कार्यका दुई चरणअन्तर्गत दोस्रो चरणमा सामग्रीको सङ्कलन गरिन्छ । यो स्थलगत कार्यको मुख्य धर्म र लक्ष्य हो । सामग्रीसङ्कलन गर्दा प्रथमतः सम्बन्धित अध्ययन क्षेत्रमा गई त्यहाँको वातावरणसँग घुलमिल हुनुपर्छ । त्यसका लागि एकजना त्यहाँको परिचित मान्छेलाई सहयोगीका रूपमा लिन सकिन्छ ।

एकैचोटि सामग्रीसङ्कलन गर्न खोज्दा सङ्कलक वा अनुसन्धाताप्रति अविश्वास बढेर सङ्कलन कार्य अवरुद्ध हुनसक्छ। क्षेत्रमा गई कुन उद्देश्यका लागि सामग्रीसङ्कलन गरिँदैछ सो कुरा पनि प्रस्ट पार्नुपर्छ नत्र शङ्का बढ्न सक्छ । सामग्रीसङ्कलन गर्दा शोधकार्यसँग सम्बिन्धित विषयमा केन्द्रित रही शोधार्थीलाई आवश्यक पर्ने विषय र सन्दर्भसँग सम्बन्धित सामग्रीको मात्र सङ्कलन गरिनुपर्छ ।

सही र आवश्यक सामग्री प्राप्त गर्न विभिन्न स्तर, उमेर र पृष्ठभूमिका व्यक्तिहरूसँग सम्पर्क राख्नुपर्छ। सङ्कलन गरिएका सामग्रीहरूको विश्वसनीयताको स्तरको पनि ख्याल गर्नुपर्छ । सामाजिक अध्ययन एक मौलिक र मौखिक विषय भएकाले यसको सङ्कलनका लागि तत् क्षणको उपयोग गर्नुपर्छ। सन्दर्भ' र 'प्रस्तुति' सामाजिक अध्ययनको जीवन हो । यसको सजीव सङ्कलनका लागि क्षेत्रकर्मीले स्थानीय दैनिक क्रियाकलाप, चाडपर्व, उत्सव, अवसर आदिमा स्वयम् उपस्थित भई सामग्रीसङ्कलन गर्नुपर्छ । यसबाट सामग्रीको भौतिक सङ्कलन मात्र नभई व्यावहारिक सङ्कलन पनि हुन्छ। सामग्रीसङ्कलन गर्दा क्यामरा, टेपरेकर्ड आदिको सहयोगले दृश्य तथा आवाजको सङ्कलन गर्नुको साथै आवश्यक कुराहरू टिप्दै पनि जानुपर्छ। स्थलगत कार्यमा टिपोट पनि एक महत्त्वपूर्ण कार्य हो। आफूले अनुसन्धान गर्ने विषयमा जानकारी प्राप्त गर्नासाथ टिपिहाल्नुपर्छ (कुमार, सन् २०१४, पृ. १९२)। अन्तर्वार्ता र प्रस्तुतीकरणका बेला केही थप सूचना पाउनासाथ टिप्नुपर्छ । यसरी टिपोट गर्दा मुख्यमुख्य कुरा मात्र टिपोट गर्नुपर्छ। सकभर अन्तर्वार्ता, गायन आदिको आवाज सङ्कलन गर्दा सूचकले थाहा नपाउनेगरी रेकर्ड गर्नुपर्छ। टिपोट गर्दा ४/६ इन्चको कार्ड भए राम्रो हुन्छ। कार्डमा शीर्षक दिई सूचनाहरूको सङ्कलन गर्नुपर्छ। त्यसैले सामग्रीसङ्कलन स्थलगत अध्ययनको मूल उद्देश्य भएकाले व्यापक तयारी गरी सावधानीपूर्वक अध्ययनको उद्देश्य र ठाउँको प्रकृतिअनुसार यो कार्य सम्पन्न गर्नुपर्छ ।

**(ख) मुख्य सूचक**

सामग्रीको सूचना दिने मुख्य सूचनादातालाई स्थलगत अध्ययनमा मुख्य सूचक भनिन्छ । सूचकबाट स्थलगत अध्ययनमा आधिकारिक र मुख्य सूचना पाइनेहुनाले यसको महत्त्व बढी हुन्छ। सामाजिक विषय मानवीय उत्पादन भएकाले यसको जीवन्तता पनि मानवले नै दिएको हुन्छ । सामाजिक विषयका विविध सामग्रीलाई जीवन्तता दिने महत्त्वपूर्ण भूमिका यिनै मुख्य सूचकको बढी भएकाले यिनीहरूलाई सामग्रीसङ्कलनमा पनि महत्त्व दिइन्छ (कुमार, सन् २०१४, पृ. १९३)।

मौलिक इतिहासमा इतिहास वाचक, लोककथामा कथावाचक, लोकगीतमा गायक, लोकगाथामा हुड्के, लोकमन्त्रमा तान्त्रिक वा वैद्य मुख्य सूचकका रूपमा रहन्छन् । अनुसन्धानमा यिनै मुख्य सूचकबाट सामग्री लिन उपयुक्त हुन्छ तर यो कार्य त्यति सजिलो भने पक्कै हुँदैन । सूचकले आफूसँग भएका सामग्री सहजै सङ्कलककलाई दिन मान्दैनन् । पहिले त उसले सङ्कलककलाई सन्देहका दृष्टिले हेर्दछ भने दोस्रो आफूलाई केही फाइदा नहुने, उल्टै हानीनोक्सानी पो हुने हो कि भन्ने ठान्दछ । अध्ययनको महत्त्व प्रस्ट पारेर उसलाई विश्वासमा लिएर सामग्रीसङ्कलन गर्नुपर्छ । मुख्य सूचकले भनेका सबै कुरा यथार्थ हुन् भन्ने पनि हुँदैन । यस्ता तथ्यहरू केकति सत्य हुन् भन्ने कुराको मूल्याङ्कन पनि अनुसन्धाताले गर्नुपर्छ । सूचकले सामग्रीमा आफ्ना निजी विचार तथा पूर्वाग्रह पनि मिसाएको हुनसक्छ । यी कुराको ख्याल गरेर सङ्कलकले सामग्रीसङ्कलन गर्दै जानुपर्छ । यसका लागि सङ्कलकले सूचकको आन्तरिक र बाह्य व्यक्तित्वको जानकारी लिएको हुनुपर्छ। मुख्य सूचकबाट सामग्रीसङ्कलन गरिसकेपछि उसको व्यक्तिगत विवरण पनि लिनुपर्छ । यसैले प्रायः मौखिक परम्परामा आधारित सामग्रीसङ्कलनमा मुख्य सूचकलाई आधिकारिक स्रोतका रूपमा उपयोग गर्नुपर्छ ।

### (ग) सम्बन्धको स्थापना र विस्तार

सामाजिक अनुसन्धानको स्थलगत कार्यमा सम्बन्ध निर्माण पहिलो र महत्त्वपूर्ण कार्य हो । अनुसन्धाताले सामग्रीसङ्कलनका लागि क्षेत्रमा जाँदा त्यहाँको समुदायसँग राख्ने सम्बन्धलाई सम्बन्धको स्थापना र विस्तार भनिन्छ । सामाजिक अनुसन्धानमा सम्बन्धको स्थापना र विस्तार असल क्षेत्रकर्मीले मात्र गर्नसक्छ । यहाँ क्षेत्रकर्मी भन्नाले क्षेत्रमा जाने सङ्कलक, अनुसन्धाता आदिका अर्थमा बुझ्नुपर्छ । अनुसन्धाताले स्थानीय तहका मान्छेसँग सुमधुर, मैत्रीपूर्ण र आत्मीय सम्बन्ध स्थापना गरेपछि मात्रै समाजको भित्रसम्म पुगी घुलमिल भएर समाजमा छोपिएर रहेका अनमोल सूचनाहरू ग्रहण गर्नसक्छ । सिवाकोटी (वि.सं. २०६८) ले सामाजिक अनुसन्धानमा सम्बन्ध निर्माणलाई अनुसन्धाता समाजका व्यक्ति, समूह र समुदायमा डुब्नुको अर्थमा व्याख्या गरेका छन् । एउटा अनुसन्धाता समाजका हरेक पक्षसँग एकाकार भएर घुलमिल भइसकेपछि उसले आफ्ना व्यवहारद्वारा अरूलाई प्रभावित तुल्याई सूचनाको गहिराइमा पुगेर आफ्नो अनुसन्धानलाई सफलतापूर्वक अगाडि बढाउन सक्छ । अनुसन्धाताले समाजमा जति राम्रो सम्बन्ध निर्माण गर्न सक्यो त्यति नै विश्वसनीय सामग्री प्राप्त गर्नसक्छ । स्थलगत कार्यलाई सफल निष्कर्षमा पुऱ्याउन अनुसन्धानमा सधैं समुदाय र क्षेत्रसँगको फराकिलो सामाजिक सम्बन्धमा

सचेत हुनुपर्छ (स्मिड्चेन्स र वालस्, सन् १९९०, पृ. १२) । यस्तो कामबाट केवल उसले सामग्री मात्र सङ्कलन गर्दैन, समाजको प्रवृत्ति, धारणा र व्यवहार बुझी आफ्नो अनुसन्धानलाई यथार्थपरक बनाउन सक्छ। अनुसन्धानमा सामग्रीहरू जनसमुदायका क्रियाकलाप, व्यवहार, मस्तिष्क र वाणीमा रहनेभएकाले यी सामग्रीसङ्कलन गर्न सम्बन्ध स्थापना र विस्तारको ठूलो महत्त्व रहेको हुन्छ। आत्मीय र मैत्रीपूर्ण सम्बन्धबाटै क्षेत्रकर्मीले समाजका व्यवहार तथा क्रियाकलाप बुझी सूचकका दिमागभित्र रहेका र जिब्रोमा झुन्डिएका लोकसाहित्यिक सामग्रीहरूलाई सहजै सङ्कलन गर्नसक्छ । राम्रो सम्बन्ध निर्माणबिना सङ्कलकले विवाहमा गएर रत्यौलीका गीत, हुड्केले गाएका भारत, राउटेको धार्मिक परम्परा, किँरातको कुलपूजा संस्कार आदिको सङ्कलन गर्नसक्दैन। अनुसन्धाताले धार्मिक तथा सांस्कृतिक सम्बन्ध निर्माण नगरेर अवसर तथा पर्वमा गएर धामी तथा झाँक्रीले फलाक्ने गीत, मृत्युसंस्कारमा सामेल भएर मृत्यु गीतको सङ्कलन गर्नसक्दैन । त्यसैले अनुसन्धातामा समाजसँग असल सम्बन्धको स्थापना र विस्तार गर्नसक्ने क्षमता हुनुपर्छ । आफ्नो सङ्कलन तथा अनुसन्धान निष्कर्षमा पुऱ्याउन सम्बन्ध स्थापना गरेर मात्र पुग्दैन उसमा सम्बन्ध विस्तार गर्नसक्ने थुप्रै अन्य गुणहरू पनि अन्तर्निष्ठ हुनु जरूरी हुन्छ ।

अनुसन्धानमा कठिन प्रकृतिका सामग्रीको सङ्कलन गर्न सर्वप्रथम क्षेत्रकर्मीमा अनुसन्धानप्रति रूचि हुनु जरूरी हुन्छ। रूचि भएन भने उसले सामग्रीसङ्कलन गरे पनि पूर्ण नहुन सक्छ। कुन क्षेत्रमा कुन समुदायमा र कुन भाषाका प्रयोगकर्ताबाट सामग्रीसङ्कलन गर्ने हो ? सोहीअनुसारको भौगोलिक ज्ञान, समुदायको सांस्कृतिक ज्ञान र भाषिक ज्ञान अनुसन्धातामा हुनैपर्छ । ऊ सामग्रीसङ्कलन गर्दा प्रयोग गरिने साधनाको प्रयोगमा दक्ष हुनुपर्छ। अध्ययनको उद्देश्यअनुसारका विषयक्षेत्रलाई पहिचान गरी आफूलाई चाहिने सामग्रीको व्यवस्थित सङ्कलन गर्ने र त्यससँग सम्बन्धित सैद्धान्तिक ज्ञानको क्षमता क्षेत्रकर्मीमा हुनैपर्छ । अनुसन्धाता निष्पक्ष र तटस्थ हुनुपर्छ । आफ्नो पूर्वाग्रहका आधारमा सामाजिक क्रियाकलाप तथा सामग्रीहरूलाई हेऱ्यो भने न यथार्थ सामग्रीको सङ्कलन हुनसक्छ न त सूचकले नै यथार्थ सामग्री दिन्छन् । त्यसैले क्षेत्रकर्मी तटस्थ, मिलनसार, निर्णायक, धैर्य, चरित्रवान्, जिज्ञासु, विश्वासिलो, विषयवस्तु तथा त्यसको सैद्धान्तिक पक्षका बारेमा जानकार, नैतिक आदि गुण भएको हुनुपर्छ।

**(घ) स्वामित्व र नैतिकता**

अनुसन्धानका सम्पूर्ण सामग्रीहरू अध्ययनका लागि महत्त्वपूर्ण हुन्छन्। भाषिक कलाका माध्यमले अभिव्यक्त हुने सामग्रीहरूमा पहिलो स्वामित्व भने समाजको

रहेको हुन्छ। समाजमा बसोवास गर्ने मान्छेबाटै अनुसन्धान गर्नयोग्य सामग्री निर्माण हुनेहुँदा समाजको स्वामित्व रहनु र त्यहाँ बसोवास गर्ने मान्छेहरूको स्वामित्व रहनु भनेको एउटै कुरा हो। अनुसन्धानमा विभिन्न सामग्रीहरूको संरक्षणको पाटोलाई हेर्ने हो भने यी सामग्रीहरू कतै मान्छेहरूको साझा सहकार्यबाट संरक्षित भएका हुन्छन् भने कतै व्यक्तिको सक्रियतामा सामाजिक आवश्यकता परिपूर्ति गर्ने क्रममा स्वतः संरक्षित हुन्छन्। त्यसैले अनुसन्धानमा सामग्रीमा व्यक्तिगत र सामूहिक स्वामित्व रहन्छ भन्न सकिन्छ। जस्तै : विवाहपरम्परा, पूजनपरम्परा, भुओनाच, रत्यौलीखेल, पुतलाखेल आदिको प्रस्तुतिमा समूहको स्वामित्व रहन्छ भने तन्त्रमन्त्रमा एउटा व्यक्ति तान्त्रिकको स्वामित्व रहन्छ। यस्ता दुवै खालका सामग्रीमाथिको स्वामित्वको सम्मान गर्दै अनुसन्धाताले सामग्रीसङ्कलन गर्नुपर्छ। क्षेत्रबाट सङ्कलित सामग्रीमा अनुसन्धाताको अधिकार केवल सङ्कलकका रूपमा मात्र रहन्छ, खास अधिकार त स्रोतव्यक्ति तथा समाजको नै हुन्छ। यसर्थ अनुसन्धाताले यस्ता सामग्रीको प्रकाशन गर्दा स्रोतका रूपमा पूरै विवरण दिनुपर्छ। जहाँ स्वामित्व रहन्छ त्यहाँ निजत्व हुन्छ। जहाँ निजत्व रहन्छ त्यहाँ नैतिकताका सवाल उठ्छन्। अनुसन्धानका सामग्रीमा व्यक्ति र समुदायका नैतिक मूल्यमान्यताहरू जोडिएका हुन्छन्। यस्ता नैतिक मूल्यको ख्याल गर्दै सामग्रीसङ्कलन गर्नुपर्छ। सूचकका सामग्रीसँग जोडिएका कतिपय गोप्य कुराहरू हुन्छन्। यस्ता गोप्य कुरालाई अनुसन्धाताले गोपनीयताका साथ प्रस्तुत गर्नुपर्छ (कुमार, सन् २०१४, पृ. १९५)। प्रतिवेदनमा उल्लेख गर्नुपऱ्यो भने सूचकको सहमति लिनुपर्छ। त्यसैले अनुसन्धाताले सामग्रीसङ्कलनमा हुने स्वामित्व र त्यससँग सम्बन्धित नैतिक प्रश्नलाई ध्यान दिँदै यी सामग्रीका विषयवस्तु, फोटो, महत्त्वपूर्ण भनाइ आदिलाई प्रतिवेदनमा उल्लेख गर्दा सहमति लिएर स्रोत खुलाउनुपर्छ।

### (ङ) भ्रमणका कठिनाइ

अनुसन्धानमा स्थलगत कार्य जति महत्त्वपूर्ण छ त्यति नै कठिन र चुनौतीपूर्ण छ। अनुसन्धानमा सामग्रीहरू लेख्य भाषामा मात्र नभई दृश्य प्रस्तुति र कथ्य भाषामा मौखिक रूपले जीवित रहेका पनि हुन्छन्। यस्ता सामग्रीको सङ्कलन गर्न जटिल छ (कुमार, सन् २०१४, पृ. १९७)। नेपाली लोकसमाजका सामग्रीको प्रकृतिलाई हेर्दा यी सामग्रीको सङ्कलन गर्दा आइपर्ने पहिलो समस्या भौगोलिक दुर्गमता पनि एक हो। नेपालमा प्रायः सबै ठाउँमा यातायात नपुगेको अवस्थामा प्राथमिक सामग्रीसम्म पुग्न हिँड्नुपर्ने देखिन्छ। यसरी हिँडेर दुर्गम बस्तीमा जाँदा समय र पैसाको खर्च पनि त्यत्तिकै हुनेगर्छ। आज मान्छेहरू विज्ञानको उपलब्धिसँगै आएको आधुनिकतातर्फ

उन्मुख भइरहेका छन् । ऊ आधुनिक बन्ने नाममा आफ्ना परम्पराहरू बिर्सँदै गइरहेको छ । त्यसैले सूचक, सामग्री आदिको अभाव हुनु पनि अर्को समस्या हो । आज कुनै पनि समाज र जातिको संस्कृतिको अध्ययन गर्न जाँदा उनीहरूले यी संस्कृति त पुराना युगका हुन्, अब हाम्रा मात्र छुट्टै संस्कृति केही छैनन् भन्नेगरेका छन् । पुरानो मौलिक विषयको ज्ञान बुढापाकाहरूसँग हुन्छ तर उनीहरूबाट सामग्रीसङ्कलन गर्दा उनका सन्तानले अवरोध गर्नेगर्दछन् । त्यसैले सङ्कलनमा अवरोध हुनु पनि अर्को कठिनाइ हो । कतिपय समाज र त्यहाँका मान्छेहरूमा हाम्रा संस्कृति र परम्पराका बारेमा अरूलाई सूचना दियो भने कतै यसको अस्तित्वमा त सङ्कट पर्दैन ?, कतै यिनीहरूले यी सामग्रीलाई बेचेर आफू मात्र आर्थिक लाभ लिने होइनन् ? कतै हाम्रो समाज र जातिलाई अरूले हेय दृष्टिले त हेर्ने होइनन् ? भन्ने सङ्कुचित विचारहरू रहेका हुन्छन् । सूचकको विचारको सङ्कुचनका कारण पनि सामग्रीसङ्कलनमा समस्या देखापर्छ। सामाजिक मान्यताअनुसार कतिपय सामग्रीहरू गोप्य राख्ने चलन छ । यस्तो समस्या तन्त्रमन्त्रको सङ्कलनमा देखापर्छ । तान्त्रिकले आफ्नो पेसामा धक्का पुग्ने डरले सबैलाई सिकाउँदा मन्त्रले काम नगर्ने भन्दै मन्त्रहरू दिन मान्दैन । सामाजिक अध्ययनमा सामग्रीको जीवन्त सङ्कलन गर्न तत्क्षण र अवसरमा पुगेर सन्दर्भ र प्रस्तुतिको सङ्कलन गर्नुपर्छ । त्यसैले तत्क्षण र अवसरमा उपस्थित हुन नसक्नु अर्को समस्या हो ।

**(च) पुस्तकालयीय कार्य**

शोधकार्यमा सामग्रीसङ्कलन गर्ने स्रोतका रूपमा पुस्तकालय उपयुक्त माध्यमका साथै शोधकार्यसँग सम्बन्धित विभिन्न समस्याको निराकारण गर्ने माध्यम हो । शोधकार्यमा क्षेत्रकार्यभन्दा अतिरिक्त सम्पूर्ण स्रोतको आधार पुस्तकालय नै हो । पुस्तकालयबाट शोधसामग्रीसङ्कलन गर्दा मुख्य शोधसमस्या र त्ससँग सम्बन्धित शोध्यप्रश्नलाई आधार मानी विषयगत आधारमा सामग्रीको सङ्कलन गरिन्छ । शोधकार्यमा शोधक्षेत्रअनुरूप शोधार्थीले आफ्नो विषयसँग सम्बन्धित जानकारी, सूचना तथा तथ्यको प्राप्ति पुस्तकालयबाट नै प्राप्त गर्नेभएकाले यो स्थलगत कार्यकै समानान्तर अपरिहार्य विषय हो । अभिलेखमा आधारित अनुसन्धान कार्यका लागि शोधार्थीले पुस्तकालयमा गई सामग्रीसङ्कलन गर्ने प्रक्रिया नै पुस्तकालयीय कार्य हो (बन्धु, २०५३/०५४, पृ. ३१) । शोधार्थीले पुस्तकालयमा गई आफ्नो विषयक्षेत्रसँग सम्बन्धित सामग्रीको अध्ययनबाट शोधकार्यलाई गतिशीलताका साथै शोधका लागि उठान गरेका समस्याको निदान खोज्न सहयोगी भएकाले पुस्तकालय कार्य अनुसन्धानको महत्त्वपूर्ण पक्ष नै हो ।

शोधकार्यमा पुस्तकालय पुस्तकहरूको सङ्ग्रहण र व्यवस्थापनसँग सम्बन्धित विषय मात्र नभई यो ज्ञाननिर्माण गर्ने आधारका अतिरिक्त शोधार्थीलाई मार्गदर्शन गर्ने प्रमुख माध्यम पनि हो । पुस्तकालयमा सङ्कलन गरिएका सामग्रीको गहन पठनबाट नै शोधार्थीलाई उचित मार्ग निर्देश हुनेभएकाले शोधकार्यमा यसको उपयोगिता महत्त्वपूर्ण मानिन्छ । शोधकार्यमा पुस्तकालयका रूपमा सम्पूर्ण छापा माध्यमबाट प्रकाशित सामग्रीका अतिरिक्त विद्युतीय सूचनाप्रविधिका माध्यमबाट प्राप्त सामग्री पनि पर्नेभएकाले यो अनुसन्धानका प्रत्येक तहमा शोधार्थीलाई पथप्रदर्शन गर्ने आधार हो । पुस्तकहरूको अध्ययन गरी सामग्रीसङ्कलन गर्ने प्रक्रियालाई पुस्तकालयीय कार्य भनिन्छ (शर्मा र लुइटेल, २०६८, पृ. ३०) । पुस्तकबाट नै शोधार्थीले शोधकार्यसँग सम्बन्धित विषयगत, समस्या समाधानात्मक ज्ञान एवम् युक्ति प्राप्त गर्ने भएकाले पुस्तकालय कार्यमा पुस्तकमा प्रस्तुत भएका अवधारणालाई आफ्नो विषय (चर) सापेक्ष व्यवस्थित रूपमा सङ्कलन गरी शोधकार्यमा उपयोग गर्छ । साहित्यिक शोधकार्यमा पुस्तकाकार तथा छापामाध्यम (विद्युतीय माध्यम) समेतमा प्रकाशित कृतिमा उल्लेख गरिएका विषय नै शोधक्षेत्र हुनेभएकाले यसप्रकारको अनुसन्धानमा पुस्कालय र पुस्तक नै प्रमुख विकल्प हुनेगर्छ । यसका साथै भाषिक र लोकसाहित्यिक अध्ययनमा स्थलगत कार्यबाट सामग्रीसङ्कलन गरिसकेपछि तिनको परीक्षण, वर्गीकरण तथा विश्लेषणका लागि शोधार्थीबाट चयन गरिने उपागमको स्रोत पुस्तकालय र पुस्तक नै हुनेगर्छ । सामाजिक अध्ययनमा स्थलगत कार्यबाट सङ्कलित सामग्रीको विश्लेषण गर्ने आधार र अवधारणा निर्माण गर्नुका साथै तिनको परीक्षण गरी निष्कर्षमा पुग्नका लागि पनि पुस्तक नै मुख्य आधार बन्दछ ।

शोधकार्यमा शोधार्थीले विभिन्न प्रकारका तथ्य सङ्कलन गरी तिनको व्यवस्थापन र विश्लेषण गर्दछन् । शोधकार्यमा सङ्कलित परिमाणात्मक तथ्यको विश्लेषणका लागि शोधार्थीले कम्प्युटर प्रविधिसँग सम्बन्धित विभिन्न सफ्टवेयरहरूको प्रयोग गरी त्यसको वास्तविक परिणाम प्राप्त गर्न सक्दछन् । सफ्टवेयरको प्रयोगबाट प्राप्त नतिजा विमर्श तथा त्यसको निष्कर्षणको स्रोत एवम् दिग्दर्शक पुस्तक नै हो । शोधकार्यमा स्थलगत कार्यबाट प्राप्त तथ्याङ्क र तिनको परिमाणात्मक विश्लेषणबाट अनुसन्धानबाट प्राप्त भएका नतिजा यो हो तथा यसलाई तत्तत् सिद्धान्तका आधारमा यी नतिजा सही छन् भनी प्रमाणित गर्नका लागि गरिने परीक्षण र यसको प्रक्रिया पुस्तकबाटै प्राप्त हुनेभएकाले शोधकार्यमा पुस्तक र पुस्तकालयीय प्रक्रियाका महत्त्व स्थापित भएको हो । शोधकार्यमा शोधार्थीले शोधसमस्याअनुसार सङ्कलित जुनसुकै सामग्रीको प्रशोधन, वर्गीकरण, विश्लेषण र निष्कर्षणका लागि

पुस्तकालयबाट सामग्रीसङ्कलन गर्नुपर्नेभएकाले यो अनुसन्धानको अभिन्न अङ्ग बनेको छ । आफ्नो शोधकार्यका लागि पुस्तकालयबाट सामग्री सङ्कालन गर्ने कार्य नै पुस्तकालय कार्य हो (घर्ती, २०८०, पृ. ६६) । भाषिक, साहित्यिक तथा लोकसाहित्यिक अनुसन्धानको वैधता प्रमाणित गर्नका लागि पुस्तकालयीय कार्य अनिवार्य हो भने सामाजिक शोधकार्यमा स्थापित सिद्धान्तसँगको तुलना तथा नवीन ज्ञाननिर्माणको आधार प्रस्तुत गर्नका लागि उपयोग गरिने सामग्रीका लागि बिनापुस्तकालय निष्कर्षण हुन नसक्ने विषय हो ।

शोधार्थीले पुस्तकालयबाट सामग्रीसङ्कलन गर्दा शोधसमस्यासँग सम्बन्धित विषयगत चरका आधारमा गर्नु उपयुक्त मानिन्छ । पुस्तकमा अनेकौं विषयलाई समग्र स्वरूपमा प्रस्तुत गरिनेभएकाले शोधसमस्याले माग गर्ने विषय तथा त्यसको खण्डन अथवा मण्डन गर्ने तथ्यलाई मात्र लिई अन्य विषयलाई त्याग गर्ने गुण शोधार्थीका लागि आवश्यक रहनेगर्छ । आफ्नो शोधकार्यसँग सम्बन्धित विषयलाई व्यवस्थापन गर्ने क्रममा शोधार्थीले आफ्ना कार्यमा कति चर निर्धारण गरिएका छन् ?, तिनको विषयनिष्ठ व्याख्याका लागि कति उपचरहरू प्रयोग र परीक्षण गर्न सकिन्छ ? ती चर र उपचरसँग सम्बन्धित विषयको प्रस्तुति पुस्तकमा कसरी समावेश गरिएको छ भन्ने पक्षमा ध्यान पुऱ्याउनुपर्छ । पुस्तकालयीय विधिबाट सामग्रीसङ्कलन गर्दा गरिने विषयगत वर्गीकरण समुच्चय र चरका आधारमा गरिनुपर्छ (श्रेष्ठ, २०७७, पृ. ५६) । शोधार्थीले आफ्नो शोधकार्य गरिरहँदा शोधसमस्यासँग सम्बन्धित चर र उपचरसँग सम्बन्धित विषयका अतिरिक्त पक्षलाई सङ्कलन गर्दा मुख्य र शोध्यसमस्याबाट विमुख भई विषयान्तर हुने सम्भावना रहेकाले आफ्नो अनुसन्धान कार्यका लागि केकस्ता र कति सन्दर्भ आवश्यक छ त्यसैमा केन्द्रित भई सामग्रीसङ्कलन गर्नुपर्छ । भाषा, साहित्य र लोकसाहित्यिक विषयमा गरिने अनुसन्धानमा शोधसमस्याको समाधानार्थ निर्धारण गरिएका शोध्यसमस्या नै विषयगत चर हुन् भने यसका अतिरिक्त पुस्तकमा प्रयोग गरिएका अनेकौं विषयलाई परिहार गरी आफ्ना लागि उपयुक्त र समस्याअनुरूपका सामग्रीको सङ्कालनबाट नै शोधकार्यका लागि उपयुक्त मार्गनिर्देश प्राप्त हुनेगर्छ ।

शोधकार्यमा पुस्तकालयबाट सामग्रीसङ्कलन गर्दा छापा माध्यममा प्रकाशित सामग्री मात्रै पर्छन् र हुन् भन्ने मान्यताबाट शोधार्थी मुक्त हुनुपर्छ । पुस्तकालयबाट प्राप्त हुने शोधसामग्रीअन्तर्गत पुस्तक, पत्रपत्रिका र अभिलेख गरिएका सामग्रीका अतिरिक्त अन्य धेरै विषय समावेश गरिएका छन् । शोधकार्यमा पुस्तकालय

कार्यअन्तर्गत पुस्तक, पत्रपत्रिका, जर्नलका अतिरिक्त शोधपत्र, ऐतिहासिक दस्तावेज, श्रव्यदृश्य सामग्री, सन्दर्भसामग्री सूची, पुस्तक सूची, ग्रन्थपरक अनुक्रमणिका, सरकारी निकायबाट प्रकाशन गरिएका तथ्याङ्क, सूचना, अप्रकाशित तर हस्तलिखित दस्तावेजका साथै विद्युतीय सञ्चार माध्यमबाट प्रकाशित गरिएका अभिलेखहरू पर्छन् (घर्ती, २०८०, पृ. ६६) । शोधकार्यमा शोधार्थीलाई गतिशीलता प्रदान गर्नका लागि पुस्तकालयको आवश्यकता पर्ने तथा यहीँबाट नै शोधकार्यमा उठान गरिएका समस्याको निराकरणका लागि मार्गप्रशस्त हुनेभएकाले अनुसन्धानमा पुस्तकालयको भूमिका अनिवार्य रहेको छ ।

शोधकार्य गरिरहँदा कतिपय शोधार्थीमा पुस्तकालयबाट सङ्कलन गरिने सामग्री द्वितीयक तथा स्थलगत कार्यबाट सङ्कलित तथ्यको विश्लेषण गरिने सामग्री मात्र प्राथमिक स्रोतका रहने द्विविधा रहेको छ । पुस्तकालयबाट प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको सङ्कलन गरिन्छ । साहित्यिक अध्ययनका लागि त पुस्तकालय नै सम्पूर्ण सामग्रीको स्रोत हो भने भाषिक र लोकसाहित्यिक अध्ययनमा पुस्तकालयबाट स्थलगत कार्यका तुलनामा बढी सामग्रीको सङ्कलन गरिन्छ । सामाजिक अध्ययनका सन्दर्भमा स्थलगत कार्यबाट सङ्कलन गरिएका सामग्रीको व्यवस्थापन, वर्गीकरण, विश्लेषणका आधार र अवधारणा निर्माणका साथै त्यसको सैद्धान्तीकरण गरी निष्कर्षमा पुग्ने पद्धति निर्माणका लागि पनि पुस्तकालय कार्य नै आवश्यक पर्छ । शोधकार्यमा तथ्याङ्कीय विश्लेषणबाट परिमाणात्मक नतिजा प्राप्त गर्ने शोधउपकरण पनि पुस्तकालयीय कार्य नै रहेकाले सामग्रीसङ्कलनका लागि यो महत्त्वपूर्ण स्थान र कार्य रहेको छ ।

शोधकार्यमा पुस्तकालयबाट सङ्कलित सामग्रीको उपयोग विभिन्न प्रक्रियाका आधारमा गरिन्छ । शोधप्रक्रियामा पुस्तकबाट प्राप्त सामग्रीलाई व्यवस्थापन र वर्गीकरण गरी विश्लेषणका लागि योग्य बनाउने पद्धतिहरू विकास गरिएका छन् । पुस्तकालय कार्यबाट अनुसन्धानका लागि सूचनाको सङ्कलन गरिने तथा तिनकै आधारमा विषयको विश्लेषण गरिनेभएकाले टिपिएका सामग्रीका लागि उद्धरण, भावानुवाद, सङ्क्षेपीकरणको प्रक्रिया अवलम्बन गरिन्छ (घर्ती, २०८०, पृ. ६६) । विशेषतः पुस्तकालयबाट टिपिएका सामग्रीलाई आधार मानी विषयको विश्लेषण गरिनेभएकाले शोधकार्यमा यसको महत्त्वपूर्ण भूमिका रहने तथ्यको पुष्टि हुन्छ । साहित्यिक अध्ययनमा पाठमा प्रस्तुत गरिएका अंशका आधारमा विषयवस्तुको वर्गीकरण र विश्लेषण हुन्छ । स्थलगत कार्य गरिने शोधकार्यमा विषयगत रूपमा

प्राप्त भएका सामग्रीलाई उद्धरणका रूपमा प्रयोग गरिन्छ भने अन्तर्वार्ताका क्रममा आएका विभिन्न उत्तरदाताका उत्तरलाई सङ्क्षेपीकरण गरी तयार गरिएका पाठ पनि उद्धरणका स्वरूप हुन् । शोधकार्यमा विषयगत चर-उपचरको विश्लेषणका क्रममा अर्काको कथनलाई प्रयोग गरी आफ्ना तर्कको पुष्टि गर्ने सन्दर्भमा प्रस्तुत कथनलाई भावानुवाद गरी प्रयोग गरिन्छ । विशेष गरी विश्लेषण विधिका रूपमा सैद्धान्तिक आधार, अवधारणात्मक ढाँचाको निर्माण गर्नका लागि भावानुवादको प्रक्रिया प्रभावकारी रहनेगर्छ । शोधकार्यमा शोधरिक्तता पहिचान गर्नका लागि गरिने पूर्वकार्यको समीक्षा, सैद्धान्तिक आधार निर्माण गर्नका लागि द्वितीयक स्रोतमा उल्लेख गरिएका कथनको प्रस्तुति एवम् अवधारणात्मक ढाँचाको निर्माण गर्नका लागि उपयोग गरिने समीक्षात्मक विश्लेषणका लागि भावानुवादको उपयोग हुन्छ भने यसप्रकारको पद्धतिका लागि उपयुक्त माध्यम पुस्तकालय कार्यबाट मात्र सम्भव हुने गर्छ । शोककार्यमा सामग्रीसङ्कलनको कार्य सम्पन्न भएपछि शोधसामग्रीको विश्लेषणको कार्य गरिन्छ ।

## ३.२ शोधकार्यमा सामग्रीविश्लेषण

शोधकार्यमा सामग्रीसङ्कलनपछि गरिने महत्त्वपूर्ण प्राज्ञिक कार्यका रूपमा सामग्रीको विश्लेषण गरिन्छ । शोधकार्यमा सङ्कलित सामग्रीलाई शोधसमस्याअनुरूप वर्गीकरण, विश्लेषण तथा त्यसको शोधऔचित्यको परीक्षण गरी सैद्धान्तीकरण गरिने पक्ष भएकाले यो अनुसन्धानको मूल संरचना नै हो । शोधकार्यमा शोधार्थीबाट सङ्कलन गरिएका शोधसामग्रीका वैधता तथा विश्वसनीयताको परीक्षण गरी निष्कर्षण गरिने विषय रहेकाले शोधसामग्रीको विश्लेषणमा प्राप्त तथ्यलाई अनेक कोणबाट हेरिन्छ । शोधकार्यमा सामग्री विश्लेषणका सम्बन्धमा वासुदेव त्रिपाठी (२०६६) को अभिमत यो चरण प्राप्त तथ्यको विश्लेषणलेखि आरम्भ भई अनुसन्धानको अन्त्यसम्म गतिशील हुने प्रक्रिया रहेको छ ।

शोधकार्यमा शोधसामग्रीको विश्लेषण सिद्धान्तसज्जित चेतन तर्कबुद्धिका माध्यमबाट निगमनात्मक (सिद्धान्तनिष्ठ) तथा आगमनात्मक (अनुगमनात्मक) तर्कपद्धतिसमेतका आधारमा सङ्कलित सामग्रीको वैधता परीक्षण, वैध सामग्रीको संयोजन, सङ्कलित सामग्रीबीचको पारस्परिक अन्तर्सम्बन्धको स्थापना तथा तिनको प्रयोजनमूलक वर्गीकरण, तालिकीकरण, अन्वय-व्यतिरेक, तुलना-प्रतितुलना, व्याख्या-आलोचना र मूल्याङ्कन गरी तिनको विषयनिष्ठ वर्गीकरण, विश्लेषण र मूल्याङ्कनबाट निष्कर्षणबाट शोधसमस्याको समाधान, खण्डन-मण्डन र संशोधनसम्म विस्तारित हुने प्रक्रिया हो (त्रिपाठी, २०६६, पृ. १२०) ।

शोधकार्य एउटा मात्र चरको विश्लेषणमा आधारित नभई यसमा अनेक चर, तिनका उपचर तथा ती प्रत्येकको सिद्धान्तनिष्ठ व्याख्या तथा तुलना गरी सम्पन्न हुने कार्य रहेकाले सामग्रीको विश्लेषण अनेक सूक्ष्मतत्त्वका माध्यमबाट स्थुल तथ्यलाई पुष्टि एवम् प्रमाणित गर्ने शोधखण्ड हो । शोधसामग्रीको विश्लेषण भन्नु नै अमूर्त विषयका रूपमा रहने शोधसमस्याको निराकरण अनेक चर-उपचर तथा तिनीहरू बीचको पारस्परिक अन्तर्सम्बन्धको पहिचान र निरूपणका आधारमा गरिन्छ । शोधकार्यका लागि सङ्कलन गरिएका सामग्रीको विषयगत वर्गीकरण, तालिकीकरण, तथ्याङ्कको प्रस्तुति, रेखाचित्र, ग्राफ वा अन्य जुनसुकै विधिबाट प्रस्तुत गरिसकेपछि तिनीहरूबीचको पारस्परिक अन्वय, भिन्नता, प्राप्त नतिजाको सिद्धान्तसँगको अन्तर्सम्बन्ध तथा अन्यान्य विषयसँगको सम्बन्ध र तुलना विश्लेषण गरिन्छ । शोधकार्यमा सामग्रीको विश्लेषण गर्दा विषयनिष्ठ चरहरूलाई आधार मानी तिनको तथ्याङ्कको परीक्षणबाट प्राप्त नतिजाको तुलनात्मक विश्लेषण गरिनुपर्छ (कोठारी, सन् २००४, पृ. १३०) । शोधलेखन स्थूलबाट सूक्ष्मपक्षतर्फ जानेभएकाले तथ्यको व्यवस्थापन शोध्यसमस्याका आधारमा अलगअलग गरिनुपर्छ । विषयको व्यवस्थापन उपशीर्षक, उपउपशीर्षकमा गर्दा यिनका बीचको पारस्परिक सन्तुलन मिलाउनुपर्छ । पूर्वअध्ययनमा भएका छलफल र तिनले स्थापना गरेका तर्क, धारणा, मान्यता, सैद्धान्तीकरणका प्रक्रिया र निष्कर्षसँग आफ्नो अध्ययनको अन्तर्सम्बद्धता स्थापित गर्दै समर्थन, विमति तिनमा रहेको रिक्तता, त्यसको पूर्ति हुने आधारसहित तथ्यप्रस्तुति र विश्लेषणप्रतिको सजगता अपनाउनुपर्छ ।

शोधकार्यमा सङ्कलित सामग्रीको विश्लेषणलाई शोध्यसमस्या तथा शोध्यसमस्यालाई पनि विभिन्न उपशीर्षकमा विभाजन गरी विश्लेषण गर्नुपर्छ किनभने अनुसन्धानमा निर्धारण गरिएका चर र उपचर नै शोधका शीर्ष-उपशीर्षकका रूपमा प्रयोग गरिएका हुन्छन् । शोधकार्यमा मुख्यसमस्याको निराकरणका लागि सूक्ष्मपक्षलाई केन्द्रबिन्दुमा राखिनेभएकाले ती सूक्ष्मपक्षलाई उप तथा उपउपशीर्षकमा राखेर सामग्रीको विश्लेषण गरिँदा मुख्य विषयले उठान गरेको समस्याको समाधान हुनेभएकाले उपशीर्षक र त्यसको आङ्गिक विन्यास भएको अनुसन्धान पारदर्शी हुनुका साथै शोधार्थीलाई मार्गदर्शन गर्दै निष्कर्षतर्फ अभिमुख गराउन प्रेरित गर्ने विशेषतायुक्त हुन्छ । शोधकार्य विषयगत विशेषता र अनुशासनका आधारमा विविधतापूर्ण हुनेभएकाले जुन अनुसन्धानमा आधारित भई खोज गरिँदैछ त्यही विषयअनुरूप सामग्रीको वर्गीकरण गरिनुपर्छ । समाजिक अध्ययनमा सङ्कलित सामग्रीको परीक्षण र विषयनिष्ठ वर्गीकरण गरी सकेपछि तिनको विश्लेषणका

लागि विषयगत विश्लेषण उपयुक्त मानिन्छ (लक्येर, सन् २००८, पृ. ८६७) । शोधकार्यमा शोध्यसमस्यका आधारमा चयन गरिएको अवधारणा नै विषयगत वर्गीकरण हो भने यसप्रकार प्रस्तुत गरिएका सामग्रीलाई सिद्धान्त र अवधारणात्मक ढाँचाअनुसार गरिने विश्लेषणबाट कार्यगत गतिशीलता प्राप्त हुनेगर्छ । विभिन्न सूक्ष्म प्रतिमानलाई आधार बनाइ मूल शोधसमस्याको निराकरणतर्फ अभिमुख हुनका लागि शोधसामग्रीको विश्लेषण गरिन्छ ।

शोधकार्यमा सङ्कलन गरिएका सम्पूर्ण सामग्रीको यथोचित् उपयोग तथा विश्लेषण हुनैपर्छ भन्ने मान्यताबाट शोधार्थी मुक्त हुनुपर्छ । शोधकार्य गर्ने क्रममा आफूलाई आवश्यक पर्ने मात्र सामग्रीको उपयोगबाट मात्रै विषयनिष्ठ अनुसन्धान सम्भव हुनेभएकाले शोधार्थीद्वारा आफ्नो शोधक्षेत्रको अनुकुल र उपयोग हुनसक्ने सामग्रीलाई प्राथमीकरण गर्नुपर्छ । सामग्रीसङ्कलनका क्रममा अस्तव्यस्त र अतिशय विषयको थुप्रोबाट आफूलाई आवश्यक पर्ने विषयको चयनबाट शोधकार्य व्यवस्थित हुने तथा शोधार्थी पनि सामग्री व्यवस्थापनको झन्झटबाट उन्मुक्त हुनेभएकाले शोधसमस्या तथा त्यसमा विद्यमान चर-उपचरको विशेषता मिल्ने पक्षलाई मात्र विश्लेषण गर्नु उपयुक्त ठहर्दछ । शोधकार्यमा सङ्कलित सामग्रीलाई विषयगत चरको विश्लेषण गर्ने अवधारणात्मक उपचरमा विभाजन, सङ्क्षेपीकरण, पुनर्निर्माण तथा वर्गीकरण गरी आवश्यक महत्त्वपूर्ण तथ्यलाई समावेश गरी अनावश्यक पक्षलाई हटाइन्छ (एयेर्स, सन् २००८, पृ. ८६७) । शोधकार्यमा सङ्कलित सामग्रीको अनुपयुक्त वर्गीकरणका कारण कार्यगत जटिलताका साथै विषय विशृङ्खल भई दुर्घटित कार्यमा परिणत हुनेभएकाले सामग्रीविश्लेषणमा तथ्यपरक, विषयनिष्ठ र शोधसमस्यामा उल्लेख गरिएका चरमा केन्द्रित तथ्यको मात्र विश्लेषण गरिनुपर्छ । अनावश्यक र विषयगत चरभन्दा बाहिरका सामग्रीको विश्लेषणबाट अर्थको अनर्थ हुने अभिलक्षणलाई मध्यनजर राखी प्राप्त सूचनालाई तथ्य, तर्क र सिद्धान्तनिष्ठ विश्लेषण गरे शोधार्थीलाई निष्कर्षमा पुग्न सहज हुन्छ ।

शोधकार्यमा शोधार्थीले सङ्लित सामग्रीको विश्लेषणका लागि परिमाणात्मक, गुणात्मक र मिश्रित तीनै विधिको उपयोग गर्नसक्दछन् । शोधकार्यमा परिमाणात्मक तथ्याङ्कको विश्लेषणका लागि कम्प्युटर प्रविधिमा आधारित विभिन्न सफ्टवेयरको विकास भइसकेको छ । परिमाणात्मक अध्ययनमा तथ्याङ्क विश्लेषणका लागि तोकिएका सबै मापदण्डमा समान नतिजा अपेक्षित रहन्छ भने प्राप्त सम्पूर्ण नतिजाको विश्लेषण गरी तिनलाई प्राक्कल्पनासँग जोडेर परीक्षण गरिन्छ । गुणात्मक

अनुसन्धानमा सम्बन्धित अनुशासनका अतिरिक्त अन्तर्अनुशासन र बहुअनुशासनसँग सम्बन्धित सिद्धान्त र अवधारणाका आधारमा सामग्रीको विश्लेषण गरी निष्कर्षसम्म पुगिन्छ । गुणात्मक अनुसन्धान उपयोग गरिने शोधकार्यमा पाठविश्लेषण, विषयवस्तु विश्लेषण, विषयगत विश्लेषण, सङ्कथन विश्लेषण, शैलीविश्लेषण तथा कम्प्युटर सफ्टवेयरद्वारा सामग्री विश्लेषण गरिन्छ (घर्ती, २०८०, पृ. ७४) । शोधकार्यमा मिश्रित पद्धतिका आधारमा सामग्रीको विश्लेषण गर्दा प्राप्त तथ्याङ्कलाई परिमाणात्मक पद्धतिअनुरूप तथ्याङ्कीय विश्लेषण गरी त्यसबाट प्राप्त नतिजालाई गुणात्मक अनुसन्धान पद्धतिका आधारमा विश्लेषण गरी निष्कर्षसम्म पुगिन्छ ।

## ४. निष्कर्ष

शोधकार्य नयाँ ज्ञानको उत्पादन र त्यसलाई सैद्धान्तीकरण गर्ने प्रक्रिया हो । वस्तु र जीवनजगत्का कुनै पनि विषयका बारेमा उठ्ने जिज्ञासा र तिनको सामान्यीकरण गर्ने प्रक्रिया भएकाले यो ज्ञान उत्पादन र त्यसलाई वितरण गर्ने क्षेत्र पनि हो । मानवसभ्यता र समाजविकासको इतिहासमा भएका सामाजिक अभ्यास र ती विषयसँगको गम्भीर अन्तर्मन्थन तथा लामो अभ्यासपछि तिनले निर्माण गरेको संज्ञानबाट निर्मित ज्ञानसीमांसा, त्यसले ओगटेको बृहत्तर तत्त्वमीमांसा तथा वर्तमानमा त्यसको मूल्य स्थापित गर्ने प्रक्रिया भएकाले यो तीन चरणको ज्ञानलाई एकैस्थानमा उभ्याउने माध्यम पनि हो । शोधकार्यका लागि प्रथमतः शोधक्षेत्र, शोधसामग्री, तिनको व्यवस्थापन, विश्लेषण र निष्कर्षण मूलभूत चरण हुन् । शोधकार्यमा शोधार्थीले शोधक्षेत्र निश्चय गरेपछि आफूलाई आवश्यक शोधसामग्रीको सङ्कलन, व्यवस्थापन तथा वर्गीकरण गरी तिनको तथ्यपरक विश्लेषण गरी शोधगत प्राप्तिलाई संश्लेषण गर्छ । शोधकार्यमा शोधसामग्रीको सङ्कलन पहिलो र महत्त्वपूर्ण कार्य हो । शोधकार्य गरिरहँदा शोधार्थीले सामग्रीसङ्कलन, वर्गीकरण र व्यवस्थापनपछि मात्र कार्यले गति लिनेभएकाले सामग्रीसङ्कलन नगरी अनुसन्धान कार्य नै असम्भव छ । शोधकार्यमा सामग्रीसङ्कलन स्थलगत कार्य, पुस्तकालय कार्य र प्रयोगशालीय कार्यका माध्यमबाट गरिन्छ । प्रयोगशालीय कार्यविज्ञान तथा प्रविधिका क्षेज्ञमा उपयोगी पद्धति हो भने भाषा-साहित्य र लोकसाहित्यका साथै सामाजिक अध्ययनमा स्थलगत कार्य र पुस्तकालय कार्यको महत्त्वपूर्ण स्थान रहेको छ ।

शोधकार्यमा सामग्रीसङ्कलनका लागि शोधक्षेत्रका रूपमा चयन गरिएको स्थानको स्थलगत अवलोकन, भ्रमण तथा तत्स्थानमा गई आफ्नो शोधसमस्यासँग सम्बन्धित सामग्रीको ध्वन्याङ्कन, लिप्यन्तरण तथा छायाङ्कनका माध्यमबाट

सङ्कलन गरिन्छ । यसरी सङ्कलन गरिएका सामग्रीलाई विषयगत चर तथा उपचरका आधारमा वर्गीकरण गरी तिनलाई विश्लेषणयोग्य तुल्याइन्छ । सामाजिक अध्ययनमा स्थलगत कार्यबाट प्राप्त सामग्रीलाई विषयगत आधारमा वर्गीकरण गरी सकेपछि ती विश्लेषण योग्य भए नभएको निर्क्योल गरिन्छ । स्थलगत कार्यबाट प्राप्त तथ्याङ्कलाई विषयको प्रकृतिअनुरूप विश्लेषण योग्य तुल्याउनु नै शोधकार्यलाई अघि बढाउने माध्यम हो । शोधकार्यमा सामग्रीसङ्कलन गर्ने दोस्रो आधारका रूपमा पुस्तकालय कार्य रहेको छ । पुस्तकालय कार्य पुस्तकका माध्यमबाट सामग्रीसङ्कलन गर्ने प्रक्रिया नै हो । पुस्तकमा उल्लिखत विषयका आधारमा शोधसामग्रीसङ्कलन गरिनेभएकाले नै यसलाई पुस्तकालय कार्य भनिएको हो । पुस्तकालय कार्य मूलभूत रूपमा अभिलेअमा आधारित भई गरिने कार्य रहेकाले शोधसमस्यासँग सम्बन्धित सम्पूर्ण विषयको लिप्यन्तरण भई निर्मित सामग्री पुस्तकालय कार्यअन्तर्गत पर्छन् । पुस्तकालयमा प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्री उपलब्ध हुने तथा स्थलगत र प्रयोगशालीय कार्यबाट प्राप्त तथ्य र सूचनाको विश्लेषण गर्ने आधारसमेत पुस्तकालयमै उपलब्ध हुनेभएकाले शोधसामग्रीको पर्याप्तता यहीँ उपलब्ध हुनेगर्छ ।

शोधकार्यमा सामग्रीको सङ्कलनपछि तिनको व्यवस्थापन र वर्गीकरण गरिसकेपछि गरिने शोधकार्यको अन्तिम चरण शोधसामग्रीको विश्लेषण हो भने यो अनुसन्धान कार्यलाई सैद्धान्तीकरण गरिने चरण पनि हो । मूलभूत रूपमा शोधसामग्रीको विश्लेषण सैद्धान्तिक र विषयगत आधारमा गरिन्छ । शोधकार्यमा सैद्धान्तिक सामग्रीको विश्लेषण मूलतः गुणात्मक अनुसन्धान पद्धति अवलम्बन भई गरिने अनुसन्धानका लागि विषयगत सामग्रीको विश्लेषणपूर्व उल्लेख गरिने विषय हो भने परिमाणात्मक अनुसन्धान पद्धति अवलम्बन हुने शोधकार्यमा तथ्यको विश्लेषणपछि प्राप्त हुने निष्कर्ष र सिद्धान्तको तुलनात्मक अध्ययन गरी विमर्शबाट प्राप्त नतिजाको परीक्षण वा प्रक्कल्पनाको समूर्तनका लागि यसको आवश्यकता छँदैछ । शोधकार्यमा विषयगत सामग्रीको विश्लेषणबाट नै नवीन ज्ञानको प्राप्ति हुनेभएकाले यो महत्त्वपूर्ण पक्ष हो । सिद्धान्तलाई आधार मानी गरिने शोधकार्यमा विषयको व्यवस्थापन शोधसमस्या, शोध्यसमस्या र सिद्धान्तसापेक्ष व्यवस्थापन गरी तिनको क्रमशः व्याख्या, विवेचना र विश्लेषण गरिन्छ । शोध र शोध्यसमस्याका आधारमा सङ्कलित सामग्रीको विश्लेषण गर्दा विषयगत तथ्यलाई केन्द्रमा राखी शोधकार्यको प्रकृतिअनुसार सोपनक्रममा राखी सरल तर मझौला संरचनाका वाक्य, सन्तुलित अनुच्छेद तथा वस्तुपरक भाषामा लेख्नु उपयुक्त हुन्छ । शोधसमस्यामा उल्लेख भएका विषयअनुरूप सन्तुलित ढाँचामा तथ्यको प्रस्तुति तथा तिनको विश्लेषणका

लागि अवलम्बन हुने वस्तुनिष्ठ विश्लेषण नै शोधकार्यको गुणस्तर मापन हुने आधार भएकाले अन्तर्निष्ठ पक्ष यसका लागि स्वीकार्य छैन । सिद्धान्तनिष्ठ शोधकार्यमा शोधसामग्रीको विश्लेषण गर्दा सिद्धान्त र विषयको पारस्परिक अन्तर्सम्बन्ध प्रस्तुत गर्दै तुलना, प्रतितुलना, खण्डन-मण्डन, उदाहरण, पूर्वकार्यमा उल्लेख भएका सन्दर्भ, तिनीहरूसँग सहमति, विमति वा नवीनपनजस्ता विषय उल्लेख गर्दै सारपूर्ण प्राज्ञिक लेखनमा रूपान्तर गर्नुपर्छ ।

## सन्दर्भसामग्री सूची

घर्ती, दुर्गाबहादुर (२०८०), *अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग,* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

त्रिपाठी, वासुदेव (२०६६), *साहित्य सिद्धान्त : शोध तथा सृजनविधि,* काठमाडौँ : पाठ्यसामग्री पसल ।

बन्धु, चूडामणि (२०५३/०५४), तथ्य सङ्कलन र विश्लेषण. *वाङ्मय १३*(७), पृ. ३१-३६

। बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौँ : एकता प्रकाशन ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६८). *शोधविधि* (पाँचौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन,* काठमाडौँ : शिखा बुक्स ।

सिवाकोटी, गोपाल (२०६८), *अनुसन्धान पद्धति र प्रतिवेदन लेखन,* काठमाडौँ : पैरवी प्रकाशन ।

Ayres, R. (2008). Themetic coding A analysis. In L. M. Given (Ed.)., *The SAGE encyclopedia of qualitative research method* (vol. 1&2, Pp. 865-866). SAGE

Dorson, Richards M.,ed.(1972). *Folklore and Folklife: An Introduction*, Chicago: University of Chicago press.

Geertz,Clifford. ...(1973). *The Interpretation of Culture,* New York: Basic Books.

Goldstein, Kenneth S. (1964). *A Guide for Field Workers in Folklore*. Hatboro, P.A.: Folklore Associates.

Kothari, C. R. (2004). *Research methodology: Methods & techniques* (2nd ed.) New age International (p) Ltd., Publishers.

Kumar, R. (2014). Research Methodology (4th edn.), SAGE Publication.

Lockyer, S. (2008). Textual analysis. In L. M. Given (Ed.)., *The SAGE encyclopedia of qualitative research method* (vol. 1 & 2, Pp. 865-866). SAGE

Punch, Mauries. (1986). *The Politics and Ethics of Fieldwork*. Beverly Hills: Sage Publications.

Schensul, J. J. (2008). Methodes. In L. M. Given (Ed.). The SAGE encyclopedia of qualitative research method (Vol, 1 & 2, Pp. 521-526. SAGE Publication.

Smidchen, Guntis and Robert E. Walls. (1990). "Ethics and the student Fieldworker" in George H. Shoemaker (ed.). *The Emergence of Folklore in Everyday Life*. Bloomington: Tricktrn Press, pp. 12.

Tylor, S. & Bogdam, R. (1998). Introduction to qualitative research: A guide & resource (3rd edn), Wiley publication.

*(लेखक शाह त्रि.वि., नेपाल र एसियाली अनुसन्धान केन्द्रका उपप्राध्यापक हुनुहुन्छ भने अधिकारी महेन्द्र मोरङ क्याम्पस, विराटनगरका उपप्राध्यापक हुनुहुन्छ ।)*